# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

# गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

# मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

(बागमती प्रदेश लेखापरीक्षण सहनिर्देशनालय)


पत्र संख्याः २०७८।७९

च.नं. मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,

पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

**कैफियत सहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ५९ लाख ९४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.१ हजार फर्स्यौट भई र रू.१ करोड ५९ लाख ९३ हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.११ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५६ लाख ९४ हजार, नियमित गर्नुपर्ने रू.६ लाख ८९ हजार र पेश्की रू.८४ लाख ५० हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको ७ करोड ४० लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ७ करोड २९ लाख ९५ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)

नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३९ | २१ | १५९९४ | १ | १ | १ | ३८ | २० | १५९९३ | ११६१ | ६८९ | ५६९४ | ० | ० | ६३८२ | ८४५० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रे | ७४०७३ | ० | १७०७१ | ५७००२ | ० | १५९९३ | ७२९९५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक , पाँचखाल नगरपालिका , काभ्रेपलाञ्चोक

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव प्रसाद हुमेगाँई | २०७७-६-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मिलन कार्की | २०७८-११-१ | |
| लेखा प्रमुख | विदुर कुमार धिमाल | २०७७-८-१ | २०७८-१०-१ |
| | | **बेरुजु रकम** | १५,९९४,२८२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २,७८,०३,३११.७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३,५४,०२,४७५ | चालु खर्च | ४२,३७,११,२०३.२४ |
| प्रदेश सरकारबाट अनुदान | ६,९५,६६,००० | पूँजीगत खर्च | ३०,१५,२४,७७५.९ |
| राजश्व बाँडफाँट | १५,५७,२६,१९४.९९ | वित्तीय/अन्य व्यवस्था | ६,७३,१८,३६५.४६ |
| आन्तरिक आय | ४,१९,७९,२७६.०९ | | |
| अन्य आय | १६,५५,२७,००२.५५ | | |
| कुल आय | ८६,८२,००,९४८.६३ | कुल खर्च | ७९,२५,५४,३४४.६ |
| बाँकी मौज्दात | | १०,३४,४९,९१५.७३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**निकायको परिचय**– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पनौती नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, ११८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५६हजार ३ सय २९ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तीय विवरण**<br>पालिकाको आर्थिक वर्ष २०७७।७८ को एकीकृत आय व्ययको विवरण तथा समग्र वित्तीय स्थिति देहायअनुसार रहेको छः | |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| जम्मा आन्तरिक आय | 41,979,276.09 | पाँचखाल नगरपालिका चालु | 81,148,820.87 |
| वित्तिय समानीकरण संघ | 127,890,332.00 | पाँचखाल नगरपालिका पुँजीगत | 220,105,842.30 |
| सशर्त अनुदान संघ | 280,512,143.00 | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | 220,494,002.00 |
| सामाजिक सुरक्षा | 109,152,457.00 | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत | 42,117,256.00 |
| संघीय समपुरक | 12,000,000.00 | सामाजिक सुरक्षा भत्ता | 109,152,457.00 |
| बिशेष अनुदान संघ | 15,000,000.00 | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत | 17,154,872.60 |
| वित्तिय समानीकरण प्रदेश | 10,293,000.00 | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | 5,635,986.80 |
| सशर्त अनुदान प्रदेश | 24,345,000.00 | पाँचखाल नगरपालिका कृषि पुँजीगत | - |
| गरिवसँग विशेश्वर कार्यक्रम चालु | 520,000.00 | पाँचखाल नगरपालिका शिक्षा चालु | 3,242,496.74 |
| स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम | 5,692,670.00 | पाँचखाल नगरपालिका शिक्षा पुँजीगत | - |
| प्रदेश बिशेष अनुदान | 5,000,000.00 | पाँचखाल नगरपालिका स्वास्थ्य चालु | 2,717,489.83 |
| प्रदेश समपुरक अनुदान | 29,928,000.00 | पाँचखाल नगरपालिका कृषि चालु | 799,950.00 |
| प्रदेश पुर्वाधार बिकास साझेदारी कार्यक्रम | 9,626,735.00 | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | 19,989.00 |
| सार्वजनिक शौचालय निर्माण गत आ.ब.को अल्या | 20,000.00 | गरिवसँग विशेश्वर कार्यक्रम चालु | 520,000.00 |
| राष्ट्रिय सूचना ब्यबस्थापन तथा अनुगमन कार्यालय | 19,989.00 | स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम | 5,692,670.00 |
| राजश्व बाँडफाँड संघ | 76,581,121.23 | पाँचखाल नगरपालिका स्वास्थ्य पुँजीगत | 249,887.00 |

| | | | |
|---|---|---|---|
| राजश्व बाँडफाँड प्रदेश | 79,145,073.76 | प्रदेश पुर्वाधार बिकास साझेदारी कार्यक्रम | 9,626,735.00 |
| कृषि तथा पशुपंक्षी कार्यक्रममा जनसहभागिता | 6,302,350.30 | फलफुल तथा तरकारी मुल्य श्रृङ्खला बिकास आयोजना | 310,500.00 |
| जिल्ला समन्वय समिति मौज्दात कोष | 3,848,998.00 | प्रकोप ब्यबस्थापन कोष | 2,248,645.00 |
| आकस्मिक कोष मर्मतसंभार अल्या | 3,707,999.11 | सडक बोर्ड | 2,786,750.00 |
| लि-वर्टबाट प्राप्त 1 | 2,180,000.00 | सार्वजनिक शौचालय निर्माण (रोटरी क्लब धुलिखेलको सहयोगमा) | 20,000.00 |
| रिचार्ज पोखरी घेराबार लि-वर्ट | 482,234.00 | जिल्ला समन्वय समिति मौज्दात कोष बाट खर्च | 3,742,774.00 |
| लघु उद्यम विकास तर्फ जनसहभागिता | 254,128.00 | कोलेनिका फिर्ता | 44,751,885.00 |
| गत बर्षको मौज्दात | 9,437,664.69 | प्रदेश फिर्ता | 7,835,051.60 |
| धरौटी आम्दानी | 16,052,294.00 | रिचार्ज पोखरी घेराबार लि-वर्ट | 462,497.00 |
| गत आ.बको धरौटी मौज्दात | 4,982,971.99 | शिक्षक बिमा भुक्तानी | 50,000.00 |
| फलफुल तथा तरकारी मुल्य श्रृङ्खला बिकास आयोजना | 499,750.00 | धरौटी फिर्ता | 8,059,947.86 |
| सडक बोर्ड | 3,866,750.00 | कृषि तथा पशुपंक्षी कार्यक्रम जनसहभागिता | 3,580,477.00 |
| फलफुल तथा तरकारी मुल्य श्रृङ्खला बिकास आयोजना अल्या | 310,500.00 | लघु उद्यम विकास तर्फ जनसहभागिता | 28,000.00 |
| plgsp द्धारा सुचना अधिकृतको तलब निकासा | 296,912.50 | कर दायित्व | (638.00) |

| | | | |
|---|---|---|---|
| मर्मत सम्भार कोष | 2,850,519.26 | | |
| महिला बालबालिका कोष र लैङ्गिक हिंसा निवारण कोष | 211,335.00 | | |
| LD बापतकों रकम | 690,770.50 | जम्मा खर्च | 792,554,344.60 |
| प्रकोप ब्यबस्थापन प्रदेश निकासा | 1,000,000.00 | मौज्दात बिबरण | |
| प्रकोप व्यवस्थापन अल्या | 1,945,159.91 | संचित कोष खाता | 80,133,406.14 |
| प्रकोप व्यस्थापन संघ निकासा | 1,160,475.00 | प्रकोप ब्यबस्थापन कोष खाता | 5,687,479.16 |
| शिक्षक बिमा भुक्तानी | 50,000.00 | धरौटी खाता | 12,975,318.13 |
| प्रकोप ब्यबस्थापन जनसहभागिता | 768,634.99 | विविध खर्च खाता (VCDP) | 4,653,712.30 |
| जिल्ला समन्वय समिति मौज्दात कोष अल्या | 7,399,016.00 | बैंक बाँकी | 103,449,915.73 |
| जम्मा | 896,004,260.33 | कुल जम्मा | 896,004,260.33 |

विश्लेषणः

- ·स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।कार्यालयले तयार गरेको प्राप्ति र भुक्तानी विवरणमा यस वर्ष सन्चित कोषबाट रु.६७३७४४१४३।०० खर्च भएको देखिन्छ । खर्चको फाँटबारी अनुसार रु.५९३६६६६०४।१४ निकासा र खर्च देखिन्छ । खर्चको फाँटवारी भन्दा रु ८००७८१७६।८६ बढी खर्च देखिन्छ उक्त रकम संचित कोषमा फिर्ता भएकोले समग्रमा ६३८ फरक देखिन्छ ।
- पालिकाको वैंक नगदी किताब अनुसार रु.१०३४४९९१५।७३ मौज्दात वाँकी रहेकोमा सोही अनुसारको वैंक मौज्दात रहेको देखिन्छ । सुत्र अनुसार तयार भएको प्राप्ति भुक्तानी विवरणमा रु१०३४४९६००।७३ मौज्दात रहेको देखिन्छ । बैंक नगदी किताबको जोडजम्मा भन्दा वढी मौज्दात ३१५ फरक परेको देखिन्छ । हिसाव मिलान हुनुपर्ने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | · **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु. ४१९७९२७६।०६, राजस्व बाँडफाँड र अनुदानबाट रु ६६०६९४६६९।९९ समेत रू. ७०२६७३९४६।०८ आम्दानी भएकोमा चालु तर्फ रू. ३१४०३८७४६।२४ र पूँजिगत तर्फ रु २७९६२७८५७।९० र बित्तिय ब्यबस्था रू. ५९३६६६६०४।१४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७।०७प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४४।६९ प्रतिशत चालु र ३९।७९ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाटपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्वबाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ३ | | | **वजेट** | |
| ३.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले श्री लक्ष्मी दनुवारले २०७७।०३।३१ मा रु.१ अर्व ०७ करोड २४ लाख को वजेट स्वीकृत भई पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले ऐनको परिपालना गर्नुपर्दछ । | |
| ३.२ | | | **अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । उक्त अबण्डा रकम सम्बन्धित समितिहरुको सिफारिशमा कार्यपालिकाको पटके निर्णयबाट पूँजीगत खर्च रु ६७ लाख ९६ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ४ | | | **क्षेत्रगत तथा चौमासिक वजेट** | |
| ४.१ | | | **क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन | |

गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट (रु हजारमा ) | खर्च रकम(रु हजारमा ) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६३९२२ | २२०३६ | ३।७५ |
| सामाजिक क्षेत्र | ३७४८९५ | २५४८८२ | ४२।९३ |
| पूर्वाधार विकास क्षेत्र | ४०११८८ | २१७९७८ | ३६।७२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५४०८३ | २३२५१ | ३।९१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२२६८५ | ७५५१८ | १२।७२ |
| जम्मा | १०१६७७४ | ५९३६६६ | १०० |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ पालिकाले यस वर्ष गरेको कुल खर्च मध्ये सवैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४ प्रतिशत कार्यसञ्चालन १२।७२ खर्च गरेको तथा आर्थिक विकासमा ३।७५ मा खर्च गरेको छ यी परिसुचकहरुमा पालिकाले सुधार गर्नुपर्दछ ।

४.२

**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथाकर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| न पा पुँजिगत | २७९६२७ | ५३४०० | ५७१२४ | १६९०७९ | ९३९०९ |
| खर्च प्रतिशत | १०० | १९.०६ | २०.४३ | ६०.४६ | ३३.५८ |

५

**सेवा प्रवाह विवरण**

कार्यालयको सेवा प्रवाह उपर तोकिए बमोजिम लक्ष पूरा भए नभएको लेखापरीक्षणमा विश्लेषण गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ११७१, मृत्यु दर्ता३७३ वटा, नाता प्रमाणित २५६० वटा, घरवाटो सिफारिश १२६४ वटा, नागरिकता सिफारिश १५६० समेत जम्मा ६९२८वटा सेवा प्रवाह गरेको देखियो।पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।

६

**कोरोना व्यवस्थापन तर्फ**

६.१

कोरोना व्यवस्थापन तर्फ:

पालिकाले आ व २०७७ /७८ मा कोरोना रोकथाम तथा व्यवस्थापनको लागि गत वर्षको वाँकी मौज्दात रु १९४५१६९ र यस वर्ष कोरोता रोकथाम तथा विपद व्यवस्थापन शिर्षकमा रु ६३७२८५४.७८, प्रकोप व्यवस्थापन कोष तर्फ रु २९२९१०९.९९ गरी जम्मा रु ११२४७१३३.७७ वजेट विनियोजन गरी कोरोना सम्बन्धी विभिन्न कार्यको लागि रु ८६२१५०८.८७ खर्च गरी रु २६२५६२४.९० वाँकी मौरज्दात देखिन्छ ।

| आम्दनी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत वर्षको बाँकी प्रकोप व्यवस्थापन कोष | 1945169.00 | राहत वितरण | ० |
| कोरोना रोकथाम र विपद् व्यवस्थापन | 6372854.78 | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ० |
| प्रकोप व्यवस्थापन कोष | 2929109.99 | ओषधी एवं स्वास्थ्य उपकरण खरिद | 5298233.01 |
| | | आइसोलेसन केन्द्र निर्माण | ० |
| | | खोप कार्यक्रम खर्च | ० |
| | | खाना खाजा खर्च | 2315380.00 |
| | | जोखिम भत्ता | ० |
| | | प्रशासनिक खर्च | 614678.86 |
| | | अन्य खर्च | 393217.00 |
| | | बाँकी | 2625624.90 |
| | 11247133.77 | | 11247133.77 |

६.२

क्वारेन्टीन खर्च ;

पालिका द्वारा संचालित क्वारेन्टीनमा विदेशबाट आएका कोरोना संक्रमित कन्ट्रायाक्ट्रेसिङ मा परेका व्यक्ति तथा त्यसमा खटिने स्वास्थ्यकर्मि कर्मचारी सुरक्षा निकाय आदिलाई विहानको खाना नास्ता दिउसको खाजा र खाना खुलाए वापत निम्न गोश्वारा भौचर र मिति बाट रु ८,१८,७४५।- खर्च भएको देखिन्छ । यसरी क्वारेन्टीनमा भएको विविध खर्च लेख्दा कति जना कुन कुन मितिमा काममा खटिएको हो त्यसको उपस्थिति तथा हाजिरी अभिलेख राखि खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं. र मिति | विवरण | खर्च भएको मिति | रकम रु |
|---|---|---|---|
| ५-२०७७।५।१५ | पाँचखाल नगरपालिका क्यान्टिन | २०७७।४।१६-२०७७।५।१३ | ३२३५२० |
| १०-२०७७।६।१ | पाँचखाल फुड क्याफे | २०७७।४।९-२०७७।४।१५ | ९०२०० |
| ११-२०७७।६।९ | पाँचखाल नगरपालिका क्यान्टिन | २०७७।५।१४-२०७७।५।३१ | २११५३० |
| १५-२०७७।६।१९ | पाँचखाल नगरपालिका क्यान्टिन | २०७७।६।१-२०७७।६।५ | १९३५०५ |
| | | जम्मा | ८१८७४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | | |
| ७.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस बर्ष रु ४,७५,०००।- आर्थिक सहायता वितरण गरेको छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | | |
| ७.२ | | | संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान बर्ष भरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७८ असार मसान्तमा देहाय बोमोजिम खर्च नभई बाँकी रहेको अनुदान फिर्ता गरेको पाइयो ।<br>संघीय सरकार | | |


https://nams.oag.gov.np

| क्र.सं. | अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकि (फ्रिजहुनुपर्ने) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सशर्त अनुदान | 280512143 | 243833806 | 36678337 | अरु सबै संघको संचित कोष खातामा फिर्ता भएको छ र बाँकी 149000 आ.ब. ०७८।७९ मा बेरुजु खातामा फिर्ता भएको छ । |
| २ | बिशेष अनुदान | 15000000 | 10936500 | 4063500 | |
| ३ | समपुरक अनुदान | 12000000 | 7840952 | 4159048 | |
| | | 307512143 | 262611258 | 44900885 | |

प्रदेश सरकार

| क्र.सं. | अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकि (फ्रिजहुनुपर्ने) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सशर्त अनुदान | 24345000 | 19384879.8 | 4960120.2 | फिर्ता भएको |
| २ | समपुरक अनुदान | 29928000 | 28647089 | 1280911 | |
| ३ | बिशेष अनुदान | 5000000 | 3405979.6 | 1594020.4 | |
| जम्मा | | 59273000 | 51437948.4 | 7835051.6 | |

८

**राजस्व आन्तरिक नियन्त्रण**

**क) राजश्व अभिलेख** : नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा बागमती प्रदेश को आर्थिक ऐन, २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्बन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्बन्धीत आय शिर्षक जनाई कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारमा नं २१२

| | | | | |
|---|---|---|---|---|
| | | | राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म ले प फराम नं २१३ को राजश्व आम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्ने सो कार्य समयमै गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ ।<br><br>**ख) रकम ढिला दाखिला गर्ने** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९.६ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा वैंक दाखिला गर्न नसकिने भएमा कार्यालयल प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने ब्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले १/२ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षले ध्यान जानु पर्दछ । | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ९.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा उप दफा ३ अनुसार नगरपालिका नगर प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्नुपर्ने व्यवस्था मिलाउनु पर्नेमा सो गरेको पाइएन । उपदफा ५ अनुसार नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गर्नुपर्नेमा सो गरेको पाइएन,<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको ,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता आम्सिक रुपमा राखेको,<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरेको<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको | |
| ९.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |
| ९.३ | | | • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख र नराखेको र अद्यावधिक नभएको | |
| ९.४ | | | • म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको | |

<table>
<tr><td></td><td></td><td></td><td>

- म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा हाल सम्म कहा कहा बाट जिन्सी सामाग्री हस्तान्तर भइ आयको छ प्रतिबेदन तयार गरेको देखीदैन ।</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाको बिपत ब्यवस्थापन कोषको अबस्था निम्न अनुशार रहेको छ । पालिकाले सो कोष बाट खर्च गर्दा कार्यबिधि बनाएको छैन ।नियम तथा कार्यबिधि बनाएर सो कोष बाट खर्च गर्नु पर्दछ ।
<table>
<tr><th>गत बर्ष मौज्दात</th><th>यसबर्ष आम्दानी</th><th>जम्मा आम्दानी</th><th>यस बर्ष खर्च</th><th>बाकी मौज्दात</th></tr>
<tr><td>१९४५१५९.९१</td><td>५९९०९६४.२५</td><td>७९३६१२४.१६</td><td>२२४८६४५</td><td>५६८७४७९.१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>पदाधिकारी सुविधा र विविध खर्च</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी सुविधा ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव / सल्लाहकार राख्न पाउने ब्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाले नगर प्रमुख तथा उप प्रमुखको स्वकीय सचिव, प्रेस सल्लाहाकार र कानूनी सल्लाहाकार नियुक्त गरी तलब र भत्ता वापत रु ९८३७४०।- भुक्तानी गरेको देखिन्छ यस्तो खर्चमा मितव्ययितता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| सिन | नामथर | पद | स्केल | महंगि भत्ता | मासिक | चाडवाड खर्च | बार्षिक |
|---|---|---|---|---|---|---|---|
| 1 | मन्दिरा अधिकारी | कानूनी सल्लाहाकार | ३५९९० | २००० | ३७९९० | ३५९९० | ४९१८७० |
| 2 | कपिल कोइराला | प्रेस सल्लाहाकार | ३५९९० | २००० | ३७९९० | ३५९९० | ४९१८७० |
| जम्मा | | | | | | | ९८३७४० |

११.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्ने ब्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च तर्फ १४२२९५२।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीतता कायम गर्नुपर्दछ ।

१२ **संगठन तथा कर्मचारी ब्यवस्थापन**

१२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । तर पालिकाले हालसम्म नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी स्वीकृत गरेको छैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित स्वास्थ्य, पशु सेवा, कृषि सेवाको गरी जम्मा ५५ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित संघबाट समायोजन भई आएका १७ जना, साविक स्थानीय निकायमा कार्यरत १२ जना र लोकसेवा बाट सिफारिश २० जना गरी ४९ जना पदपूर्ति भएको देखिन्छ । सिडिई १ जना, प्रशासन सहायक २ जना. जनस्वास्थ्य अधिकृत १ जना, सव-इन्जिनियर १ जना र असिष्टेन्ट सब-इन्जिनियर २ जना गरी जम्मा ६ जना रिक्त रहेको देखिन्छ । त्यसैले पालिकाले नयाँ संगठन द्वारा रिक्त पदहरुको समयमै पदपूर्ती गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी वनाउने तर्फ विशेष ध्यानदिनुपर्दछ ।

१२.२ क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ७७ जना कर्मचारीहरु करारमा राखी रु २,२७,०६,६१०।- खर्च लेखेको छ ।<br>ख) त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर, सामाजिक परीचालक र आइटी पदमा गरी जम्मा १० जना करार नियुक्ति गरी बर्ष भरीमा रु २८,३३,८७०।- भुक्तानी गरेको छ । | |
| १३ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १३.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले लेखापरीक्षण अवधिसम्म २४ वटा ऐन, २ नियमावली, २४ कार्यविधि, ५ निर्देशिका र नर्म्स ५ वटा गरी जम्मा ६० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानुन प्रभावकारी रुपले कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १३.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा निवेदन दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ यो बर्ष दर्ता भएको २४ गरी जम्मा ३१ मध्ये २५ वटा फछ्यौट भई ६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १४ | | | **खरिद एवं अनुदान ब्यवस्थापन** | |
| १४.१ | | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत : पाँचखाल नगरपालिकाको समन्वय र निजी क्षेत्रको साझेदारीमा घरघरको फोहोर संकलन गरी प्राङ्गारिक मल उत्पादन तथा प्रशोधन कार्यक्रममा रु ७५ लाख बजेट ब्यवस्था भई उक्त रकम खर्च गर्नको | |

| | | | | |
|---|---|---|---|---|
| | | | निमित्त नगरपालिकाले कार्यविधि निर्माण गरी प्रस्ताव आह्वानको माध्यमबाट श्री रिकिशी कम्पोष्ट प्रा. लि. लाई रकम उपलब्ध गराउने निर्यण गरी मिति २०७७।१२।२३ मा सम्झौता सम्पन्न गरेको छ । जस सम्बन्धी देखिएका ब्यहोरा देहाय बमोजिम छन् :<br><br>क) कार्यविधि बमोजिम प्रदेश सरकारले ५० प्रतिशत र निजी क्षेत्रको ब्यहोर्ने गरी जम्मा रु १५००००००।- वा सो भन्दा बढीको कार्यक्रम कार्यान्वयन हुनु पर्ने देखिन्छ । उक्त प्रालिले कार्यक्रमको विस्तृत लागत अनुमान तयार गरेको पाइएन । कार्यालयबाट समेत उपलब्ध गराएको रकम कुन-कुन शिर्षकमा के-कति खर्च गर्ने भन्ने सम्बन्धमा स्पष्ट लागत अनुमान वेगर पालिकाबाट प्रा.लि. को भौतिक पूर्वाधार निर्माणको नाप जाँच गरी यस बर्ष रु ३४४७१६५।- भुक्तानी दिएको छ ।<br><br>ख) सम्झौतामा सम्झौताको अवधि २० बर्ष तोकिएकोमा सम्झौता बमोजिमको रकम ०७८ असार मसान्त भित्र खर्च गरिसक्नु पर्ने उल्लेख छ । सम्झौता अनुसार ५० प्रतिशत भन्दा कम भौतिक प्रगती भएको पाइयो । यसरी कम भौतिक प्रगति हुनुमा कारण खुलाएको पाइएन ।<br><br>ग) सम्झौतामा अनुदान वापत उपलब्ध गराउनु पर्ने रकम र उक्त रकम खर्च गर्ने आधार एवं प्रकृया सम्बन्धमा कुनै स्पष्ट व्यवस्था गरेको पाइएन ।<br><br>घ) सम्बन्धित प्रा.लि. ले २० बर्षसम्म के-कस्ता क्रियाकलापहरु सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्ययोजना तयार गरेको समेत पाइएन ।<br><br>तसर्थ सरकारबाट प्राप्त अनुदान रकमको सदुपयोग सुनिश्चित हुने किसिमले कार्यविधि तयार गरी सम्झौता गर्ने प्रणालीको अवलम्वन गर्नुपर्दछ । | |
| १४.२ | | | पालिकाबाट निर्माण हुने विभिन्न किसिमका निर्माण कार्यको गुणस्तर आश्वस्तताको निमित्त गुणस्तर परीक्षण गर्नु पर्दछ । पालिकाले निर्माण ब्यवसायीको माध्यमबाट निर्माण कार्य गराएकोमा अनिवार्य गुणस्तर परीक्षण गर्ने गरेको भए तापनि उपभोक्ता समितिको माध्यमबाट हुने गरेको निर्माण कार्यमा गुणस्तर परीक्षण गर्ने गरेको पाइएन । | |
| १५ | | | **पेश्की बाँकी**<br>आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट हुन नसकी बाँकी रहेको देहायका व्यक्ती फर्म कम्पनी एवं संस्थाको नाममा रहेको पेश्की आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम यथाशीघ्र असुल फछ्र्यौट गर्नु पर्ने रु | ८,४५०,००० |

| सि.नं. | पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | ठेकेदार | | | |
| १ | २०७७/०९/२४ | सुनकोशि मेट्रोलिङ जे . भि. | ८,५०,००० | ० |
| जम्मा | | | ८,५०,००० | ० |
| २ | संस्थागत | | | |
| १ | २०७७/०५/०३ | पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र | ० | ० |
| २ | २०७७/११/२५ | नेपाल बिद्युत प्राधिकरण, पाँचखाल वितरण केन्द्र | ९,४६१ | ० |
| ३ | २०७७/११/२५ | नेपाल बिद्युत प्राधिकरण, पाँचखाल वितरण केन्द्र | ३०,५३९ | ० |
| ४ | २०७७/१२/१३ | नेपाल विधुत प्राधिकरण | ५०,००० | ० |
| ५ | २०७८/०१/०५ | असहाय गाईबाछा संरक्षण अभियन | ३,००,००० | ० |
| ६ | २०७८/०३/२१ | नारायणस्थान नि मा बि | ० | ६,५०,००० |
| ७ | २०७८/०३/३० | श्री नव प्रतिभा मावि पाँचखाल ६ काभ्रे | ० | ३,००,००० |
| जम्मा | | | ३,९०,००० | ९,५०,००० |
| ३ | अन्तर्गत निकाय | | | |
| १ | २०७७/११/०६ | अजद माध्यमिक विद्यालय | ६,५०,००० | ० |
| २ | २०७७/११/०६ | जर्पटटी माध्यमिक विद्यालय | ६,५०,००० | ० |

| | | | | |
